आज मिति २०७५/०२/०७ गते बिहान ९:३० बजे राक्सिराङ्ग गाउंपालिकाको अध्यक्ष श्री राजकुमार मल्ल ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा वैठक बसी निम्नानुसारको निर्णय गरियो ।

**उपस्थिति**

अध्यक्ष : श्री राजकुमार मल्ल

उपाध्यक्ष : श्री निर्मला हिम्दुङ्ग

सदस्य : श्री कान्छाराम रुम्वा (वडाध्यक्ष,वडा नं.१)

सदस्य : श्री सूर्य बहादुर मुक्तान (वडाध्यक्ष,वडा नं.२)

सदस्य : श्री वावुलाल स्याङ्गतान (वडाध्यक्ष,वडा नं.३)

सदस्य : श्री संजय कोईराला (वडाध्यक्ष,वडा नं.४)

सदस्य : श्री चन्द्र सिंह प्रजा (वडाध्यक्ष,वडा नं.५)

सदस्य : श्री सिंगलाल प्रजा (वडाध्यक्ष,वडा नं.६)

सदस्य : श्री कुल वहादुर प्रजा (वडाध्यक्ष,वडा नं.७)

सदस्य : श्री रामकृष्ण प्रजा (वडाध्यक्ष,वडा नं.८)

सदस्य : श्री रामकुमार वाल्वा थिङ्ग (वडाध्यक्ष,वडा नं.९)

सदस्य : श्री सन्त व.प्रजा

सदस्य : श्री सिमोन वि.क.

सदस्य : श्री मैना कुमारी गोले

सदस्य : श्री गौरीमायां स्याङ्गतान

सदस्य : श्री कर्ण कुमारी राउत

सदस्य : श्री सुकमायां वि.क.

सदस्य सचिव : श्री सुक्देव लम्साल

वैठक व्यवस्थापन :

लेखापाल देवेन्द्र व.प्रधान

ना.सु.राम प्रसाद भट्टराई

प्रस्तावहरु

१ रिभाईज लागत अनुमान स्वीकृत गर्ने सम्बन्धमा ।
२ स्वास्थ्य कार्यक्रमको बजेट संसोधन गर्ने सम्बन्धमा ।
३ गाडी भाडा स्वीकृत गर्ने सम्बन्धमा ।
४ बिभिन्न योजनाहरुको अनुगमन निरिक्षणको प्रतिवेदन सम्बन्धमा ।
५ २०७५/७६ को योजना छनौट गर्ने बिधि प्रक्रिया सम्बन्धमा ।
६ मनहरी चैनपुर सडक निर्माण कार्यमा बैकल्पिक व्यवस्था गर्ने सम्बन्धमा ।
७ डोजर, एक्साभेटर, JCB को दररेट सम्बन्धमा ।
८ चेपाङ विकास कार्यक्रम सम्बन्धमा ।
९ गरिबसंग बिशेश्वर कार्यक्रम सम्बन्धमा ।
१० सरकारी टोल सुधार गठनको दर्ता प्रकृया सम्बन्धमा ।
११ बिभिन्न खर्च अनुमोदन सम्बन्धमा ।
१२ संघ र प्रदेशमा योजना मांग गर्ने सम्बन्धमा ।

**निर्णय नं.१ :** तपसिल बमोजिमको योजनाको रिभाईज लागत अनुमान स्वीकृत गर्ने ।

क.) यस गाउंपालिकाको चालु आ.व.२०७४/७५ को सिंचाई योजना शिर्षक तर्फ सिदाम खोला सिंचाई निर्माण योजना, राक्सिराङ्ग ६ को लागि रु.३,००,०००/ बजेट बिनियोजन भै प्राविधिक शाखावाट कंक्रीटवाल सहितको पक्की सिंचाई कुलो निर्माण कार्य गर्ने गरी रु.३,४५,२०१/४१ को लागत अनुमान तयार भै मिति २०७४/१०/०७ मा संभौता भएकोमा उपभोक्ता समितिवाट कंक्रीटवालको सट्टा ढुंगाको वाल प्रयोग गरी सिंचाई कुलो निर्माण कार्य सम्पन्न गरेकोले सोही बमोजिमको रिभाईज लागत अनुमान स्वीकृत गरी पाउन उपभोक्ता समितिको निर्णय साथ अनुरोध भै आएकोमा प्राविधिक शाखावाट सोही अनुसारको रु.३,४५,२०१/४१ को रिभाईज लागत अनुमान पेश हुन आएकोले उक्त रिभाईज लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

ख.) यस गाउंपालिकाको चालु आ.व.२०७४/७५ को बिधुत तथा उर्जा शिर्षक तर्फ बिधुत लाईन बिस्तार योजना, राक्सिराङ्ग २ को लागि रु.५,००,०००/ बजेट बिनियोजन भै प्राविधिक शाखाबाट रु.५,५५,०००/ को लागत अनुमान तयार भै मिति २०७४/१२/०१ मा संभौता भएकोमा लागत अनुमान तयार गर्दा केही सामानहरु छुट्न गएकोले सो छुट्न गएको सामानहरु समावेश गरी रु.५,५५,७३२/५० को रिभाईज लागत अनुमान तयार भएकोले सो रिभाईज लागत अनुमान स्वीकृत गरी पाउन उपभोक्ता समितिको निर्णय साथ अनुरोध भै आएकोले उक्त रिभाईज लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२ :** यस गाउंपालिकाको चालु आ.व.२०७४/७५ मा स्वास्थ्य सम्बन्धी कार्यक्रम तर्फ रु.४०,००,०००/ बजेट बिनियोजन भएकोमा राक्सिराङ्ग स्वास्थ्य चौकी चैनपुरको च.नं.१०४ मिति २०७५/०१/१४ को पत्रानुसार सो स्वास्थ्य चौकीलाई आवश्यक सामानहरु उपलब्ध गराई दिन अनुरोध भै आएकोमा लेखा शाखाबाट तपसिलको कार्यक्रम अनुसार वजेट संसोधन गरी खर्च गर्न मिल्ने भएकोले संसोधन गर्नको लागि सिफारिस भएकोले उक्त वजेट संसोधन गर्ने निर्णय गरीयो ।

तपसिल

| सि.न. | बजेट तथा कार्यक्रमको नाम | स्वीकृत बजेट | संसोधन गरिएको शिर्षक | कट्टा गर्ने बजेट | थप गर्ने बजेट | हाल कायम हुने बजेट |
|---|---|---|---|---|---|---|
| १ | फर्निचर खरिद | २,५०,०००/ | ० | ६०,०००/ | ० | १,९०,०००/ |
| १ | फ्रिज खरिद (Refrigenerator) | १,२०,०००/ | मेशिनरी तथा औजार शिर्षक | ० | ६०,०००/ | १,८०,०००/ |

**निर्णय नं.३ :** यस गाउंपालिका अति दुर्गम स्थानमा रहेकोले दैनिक कामको सिलसिला र आवश्यक परेको समयमा बिभिन्न स्थानहरुमा आवत जावत गर्नको लागि १ थान 4WD जिप भाडामा लिन आवश्यक भै सोको लागि मिति २०७४/११/२६ मा हेटौंडा सन्देश राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन भएकोमा तपसिल बमोजिमको दररेट पेश हुन आएको ।

१. भरयाङ्ग कालिका ट्रेडर्स,राक्सिराङ्ग ३ रु.९०,०००/ (कर सहित)
२. कृष्ण कुमार तामाङ्ग रु.९५,०००/ (कर सहित)
३. शिखर ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन कं.प्रा.लि., दामन ४ रु.१,००,०००/

उपरोक्तानुसार सबैभन्दा घटी दररेट प्रतिमहिना रु.९०,०००/ (कर सहित) मा ना.४ च.४६९३ नं.को बलेरो सवारी साधन उपलब्ध गराउने भरयाङ्ग कालिका ट्रेडर्स,राक्सिराङ्ग ३ ले पेश गरेको दररेट स्वीकृत भै मिति २०७४/१२/१८ मा भएको संभौता अनुमोदन गर्ने निर्णय गरीयो ।

**निर्णय नं.४ :** यस गाउंपालिकाबाट बिभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन गर्नको लागि गठित योजना अनुगमन तथा सुपरिवेक्षण समिति तथा उपसमितिहरुबाट बिभिन्न वडाहरुमा संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरी पेश भएको प्रतिवेदन माथि गाउंपालिकामा छलफल गर्ने कार्य गरियो ।

**निर्णय नं.५ :** यस राक्सिराङ्ग गाउंपालिकाको चालु आ.व.२०७४/७५ मा सडक योजना शिर्षक तर्फ बिनियोजित भएको तपसिलको योजनाहरु संभौता भै तोकिएको समय सम्म पनि योजना सम्पन्न हुन नसकेको र वर्षातको समयमा योजना संचालन गर्न समेत समस्या हुने भएकोले तपसिलको २ वटा योजनाहरुको उपभोक्ता समितिसंग भएको संभौता रद्ध गरी बांकी भएको रकम रु.४९,१३,०००/ ले बैकल्पिक व्यवस्थाबाट योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं | योजनाको नाम | उ.स.अध्यक्ष | बजेट | हाल सम्म निकासा | बांकी रकम |
|---|---|---|---|---|---|
| १ | मनहरी आंपखोल्सी सडक निर्माण योजना, राक्सिराङ्ग ५ | खुशीलाल प्रजा | रु.५८,५०,००० | रु.३२,५६,००० | रु.२५,९४,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | आँपखोल्सी देखि कुलाँसि चैनपुर सडक योजना, राक्सिराङ्ग ५ | दिपक प्रजा | रु.५८,५०,००० | रु.३५,३१,००० | रु.२३,१९,००० |
| | जम्मा | | रु.१,१७,००,००० | रु.६७,८७,००० | रु.४९,१३,००० |

निर्णय नं.६ : यस गाउँपालिका भित्र सहकारी, टोल सुधार गठन दर्ता प्रकृयाको लागि महिला तथा बालबालिका कार्यालयबाट यस गाउँपालिकामा आउनु भएका कर्मचारीहरुलाई जिम्मेवारी दिने निर्णय गरीयो ।

निर्णय नं.७ : यस गाउँपालिकाबाट विभिन्न मितिहरुमा रकम उपलब्ध गराउने ठीक आदेश अनुमोदन गर्ने निर्णय गरियो ।
तपसिल

| सि.नं. | कार्यक्रमको नाम | रकम | शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | मनहरी बजारमा सिसि क्यामेरा जडान कार्य | रु.५०,०००/ | सुचना तथा परामर्श कार्यक्रम | |
| २ | २ नं. वडा कार्यालयमा सोलार जडान गर्ने कार्य | रु.७०,०००/ | मेरो योजनाहरु संचालन | |

निर्णय नं.८ : यस गाउँपालिकाको मनहरी देखी आँपखोल्सी एवं आँपखोल्सी देखी चैनपुर सडक खण्डहरु निर्माणका लागि दुई वटा छुट्टा छुट्टै समितिमार्फत निर्माण कार्य गरिएकोमा हाल समितिहरुको म्याद समाप्त भएको र हालसम्म गरेको कामको परिमाणका आधारमा मूल्यांकन गरी रनिङ्ग वील समेत भुक्तानी दिइसकिएकोमा ४९१३००० उनान्पचास लाख तेह हजार बाँकी रहेको तर गाउँपालिकाको केन्द्र चैनपुर बजारसम्म सडक सञ्जाल नआईपुगेकोले बाँकी रहेको रकमले उपयुक्त खालको डोजर एक्साभेटर प्रति घण्टाका हिसाबले टेण्डर आह्वान गरी सडक निर्माण कार्य शुरु गर्ने निर्णय गरियो ।

निर्णय नं.९

यस गाउँपालिका अन्तर्गत गरीबसँग विश्वेश्वर कार्यक्रमका सामाजिक परिचालकहरुको म्याद साउन देखि थप गरीएकोले रकम भुक्तानी दिनु भनी निवेदन पेश हुन आएको तर निजहरुले बैशाख ९ गतेदेखि मात्र कामकाज गरेकोले निजहरुलाई बैशाख ९ गतेदेखीका मितिले तलब रकम भुक्तानी दिन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.१०: यस गाउंपालिकाको गाउंसभावाट सम्वोधन गर्न नसकिएका देहाय वमोजिमको योजनाहरुमा आवश्यक बजेट विनियोजन तथा कार्यवाहीको लागि संघ र प्रदेश सरकारमा अनुरोध र सिफारिस गर्ने निर्णय गरियो ।

निम्न

| सि.नं. | योजनाको नाम | कार्यान्वयन स्थल | अनुमानित बजेट | मांग गर्ने निकाय |
|---|---|---|---|---|
| सडक | | | | |
| १ | मनहरी चैनपुर मलेखु सडक | राक्सिराङ्ग गापा | | संघीय सरकार |
| २ | दामन डाडाँवास खैराङ्ग कोंकडा भण्डारा सडक | राक्सिराङ्ग गापा | | संघीय सरकार |
| ३ | सिमपानी सरिखेत कैलाश चन्द्रागिरी थानकोट | राक्सिराङ्ग गापा | | संघीय सरकार |
| ४ | चुनीया नामटार कालिकाटार भारता घोरकोटे खैराङ्ग मलेखु | राक्सिराङ्ग गापा | | प्रान्तीय सरकार |
| ५ | चरीमारा गर्लिङ्ग | राक्सिराङ्ग गापा | | प्रान्तीय सरकार |
| ६ | नेयारपानी सानोभाबर चैनपुर गापाकेन्द्र | राक्सिराङ्ग गापा | | प्रान्तीय सरकार |
| ७ | सिलिङ्गे पाङ्गथली चैनपुर | राक्सिराङ्ग गापा | | प्रान्तीय सरकार |
| ८ | नेयारपानी ढुंगु नामटार कालिकाटार भारदा पालुङ्ग | राक्सिराङ्ग गापा | | प्रान्तीय सरकार |
| ९ | लोथर पाङ्गथली सिलाधुनी | राक्सिराङ्ग गापा | | |
| | | राक्सिराङ्ग गापा | | |
| | | राक्सिराङ्ग गापा | | |
| खानेपानी | | | | |
| १ | तर्सिकोट खानेपानी योजना | राक्सिराङ्ग गापा ४ | | संघीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| २ | बागेश्वरी खानेपानी ठूलोटोइके खापा योजना | राक्सिराङ्ग गापा ८ | | संघीय सरकार |
| ३ | राक्सिराङ्ग वडा कार्यालय मान्छाप देवीटार यादुखोला बृहत खापा योजना | राक्सिराङ्ग गापा ४ | | संघीय सरकार |
| ४ | अठारे डन्टार बृहत खापा योजना क्रमागत | राक्सिराङ्ग गापा ९ | | संघीय सरकार |
| ५ | साविक राक्सिराङ्ग २ खापा योजना | राक्सिराङ्ग गापा | | संघीय सरकार |
| ६ | भिलमटार खापा योजना क्रमागत | राक्सिराङ्ग गापा | | संघीय सरकार |
| ७ | गडुवान आधामारा लाबुर सानोभाबर ढुङ्यान ठूलो भावर खा पा योजना | | | |
| ८ | भाटी थुम्की लिफ्ट सिस्टम खापा योजना | ७ | | |
| ९ | पालबाङ | | | |
| शिक्षा | | | | |

आजको बैठक बिहान ९.३० बजे शूरु भई ५.४८ बजे समापन भएको निर्णय गरियो ।